# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०३।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

हुम्ला जिल्ला साविक मैला र मदना गाविस हाल ताजाकोट गाउँपालिका वडा नं. ५ मा कार्यरत वडा सचिव गोपालचन्द्र लामाले आ.व २०७३।०७४ को सामाजिक सुरक्षा भत्ता र पुँजीगत रकम हिनामिना गरी २०७४ असोज महिनादेखि हालसम्म विना सूचना कार्यालयमा अनुपस्थित भएकोले छानविन गरी आवश्यक कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक मैला मदना र कालिका गाविस (हाल ताँजाकोट गाउँपालिका) मा कार्यरत तत्कालीन वडा सचिवद्वय गोपालचन्द्र लामा र राम प्रसाद देवकोटाले जिल्ला समन्वय समितिबाट आ.व २०७३।०७४ को लागि निकासा भएको पूँजिगत अनुदान, सामाजिक सुरक्षा भत्ता र सञ्चालन अनुदान समेतको रकम सम्बन्धित कार्यालयका बैंक खाताहरुबाट निकाली आफ्नो व्यक्तिगत खातामा राखी लापर्वाही र वदनियतपूर्वक सरकारी रकम खर्च गरी दुरुपयोग तथा हिनामिना गरेको, भत्ता पाउनुपर्ने लाभग्राहीहरु सबैलाई भत्ता नदिएको, बढी निकासा भएको रकम राज्यकोषमा फिर्ता नगरेको, योजनाहरुको कामको रकमहरु भुक्तानी नगरी खर्च लेखेको, लेखापरीक्षण समेत नगराई प्रतिवादी गोपालचन्द्र लामाले आ.व. २०७३।०७४ को साविक कालिका,मैला र मदना गाविसको सामाजिक सुरक्षा भत्तातर्फ रु.३९,१३,०००(उनान्चालीस लाख तेह्र हजार), साविक मैला गाविसको पूँजिगत खर्चतर्फ रु.२२,८१,०४७(बाईस लाख एकासी हजार सठचालीस) र साविक कालिका र मदना गाविसको चालू खर्चतर्फ रु.१८,५८२।-(अठार हजार पाँचसय बयासी), गरी जम्मा रु. ६२,१२,६२९।-(बैसठ्ठी लाख बाह्र हजार छसय उनान्तीस) हिनामिना तथा दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिन आएकोले निज गोपालचन्द्र लामालाई बिगो रु.६२,१२,६२९।-( बैसठ्ठी लाख बाह्र हजार छसय उनान्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७, दफा ३(१) तथा दफा ३(१)(ज) बमोजिम जरिवाना र कैद सजाय हुन तथा निजले हिनामिना गरेको रकम रु.६२,१२,६२९।-(बैसठ्ठी लाख बाह्र हजार छसय उनान्तीस) सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन साथै प्रतिबादी रामप्रसाद देवकोटाले सामाजिक सुरक्षातर्फ रु.२२,६५,६००।-(बाईस लाख पैंसठ्ठी हजार छसय), सञ्चालन अनुदानतर्फ रु.६,५६,६६८।- र पूँजिगत खर्चतर्फ रु.३,९९,९९४। - (तीन लाख उनान्सय हजार नौ सय चौरानब्बे) गरी जम्मा रु.३३,२२,२६२।-(तेत्तीस लाख बाइस हजार दुईसय बैसठ्ठी) हिनामिना तथा दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९को दफा १७ बमोजिम कसुर गरेको पुष्टी भएको देखिएकोले निजलाई बिगो रु.३३,२२,२६२।-(तेत्तीस लाख बाइस हजार दुईसय बैसठ्ठी) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ तथा दफा ३(१) र दफा ३(१)(छ) बमोजिम जरिवाना र कैद सजाय हुन तथा निजले हिनामिना गरेको रकम रु.३३,२२,२६२।-(तेत्तीस लाख बाईस हजार दुईसय बैसठ्ठी) सोही ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी